ネパール語

# कोभिड-१९ खोप
# तेस्रो पटकको खोपको बारेमा जानकारी

सर्वसाधारणका लागि कोभिड-१९ को तेस्रो खोप लगाइनेछ । खोप लगाउन चाहनेहरूले पक्कै पनि खोप लगाउन सक्नुहुनेछ, त्यसैले नआत्तिनुहोस् र खोप टिकट नआउँदासम्म पर्खनुहोस्।

## तेस्रो पटकको खोपको बारेमा जानकारी

तलका सबै मापदण्ड पुग्ने व्यक्ति

●दोस्रो खोप लगाइसकेका व्यक्ति

●दोस्रो खोप लगाएको ८ महिना वा बढी भएको हुनु पर्ने छ।

※चिकित्सा क्षेत्रमा काम गर्ने व्यक्तिको हकमा ६ महिना, वृद्धहरूका हकमा ७ महिना वा बढी भएको हुनु पर्ने छ।

●१८ वर्ष र माथि

## खोप लगाउने अवधि

२०२२ सेप्टेम्बर ३0 सम्म (पहिलो र दोस्रो खोपको लागि पनि सोही अवधि)

## खोप टिकट पठाउने मिति

तत्कालको तालिका

| दोस्रो खोप लगाएको मिति | खोप टिकट पठाइने मिति | तेस्रो खोप लगाउने सम्भाबित मिति |
|---|---|---|
| जेष्ठ नागरिक: ~२०२१ जुलाई १५<br>अन्य: ~२०२१ जुन २० | २०२२ जनवरी १७ र २४ दुई भागमा गरेर पठाइने छ | २०२२ फेब्रुअरी |
| जेष्ठ नागरिक: ~२०२१ अगस्ट १५<br>अन्य: ~२०२१ जुलाई १५ | २०२२ फेब्रुअरी १४ र २१ दुई भागमा गरेर पठाइने छ | २०२२ मार्च |
| जेष्ठ नागरिक: ~२०२१ सेप्टेम्बर १५<br>अन्य: ~२०२१ अगस्ट १५ | २०२२ मार्च ११ | २०२२ अप्रिल |

●स्थितिमा निर्भर गर्दै, खोप टिकट पठाउने समय पछाडि सर्न सक्नेछ ।

●खोप टिकट पाए पनि खोप लगाउन नसकिने दिनहरु छन ।

तेस्रो खोपको बुकिङ्ग गर्दा, तेस्रो खोप लगाउन मिल्ने दिन पछिको मितिमा बुकिङ्ग गर्नुहोस्।

## खोप टिकट संलग्न

खोप लगाउने दिन साथमा लान पर्ने कागजातहरु

① (बायाँ) खोप प्रमाणपत्र
(दायाँ) खोप टिकट एकीकृत पूर्व जाँच प्रश्नावली



दायाँ छेउमा रहेको पूर्व जाँच प्रश्नावलीमा आवश्यक पर्ने सबै भर्नुहोस् र <u>आफ्नो पहिचान खुल्ने कागजातहरू</u> साथमा ल्याउनुहोस्। खोप पछि, यसलाई बाँया छेउमा रहेको खोप प्रमाणपत्रमा रेकर्ड गरिनेछ, त्यसैले यसलाई अलग नगर्नुहोस्।

② जानकारी
(A4 को दुबै पट्टी १ पाना)



## वैकल्पिक खोप

पहिलो र दोस्रो खोप फरक फरक लगाएको लाई "वैकल्पिक खोप" भनिन्छ। लगाएको खोप (फाइजर र ताकेदा / मोडर्ना)को आपूर्ति अनुपात, पहिलो र दोस्रो खोप फरक फरक हुने भएकाले, वैकल्पिक खोपलाई विचार गर्नुहोस् ।

वैकल्पिक खोपको प्रभावकारिता, सुरक्षा, र साइड इफेक्टहरूको बारेमा जानकारीको लागि, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट "कोभिड-१९ खोप प्रश्नोत्तर" हेर्नुहोस् ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट ⇒

## स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट

■स्थान

| | |
|---|---|
| फेब्रुअरी: | नाखा स्योउबोउस्यो चुओउ बुन्स्यो *(नाखा दमकल विभाग केन्द्रीय शाखा कार्यालय)*, एयोन टाउन योक्काइची टोमारी, हेरुस् प्लाजा |
| मार्च: | नाखा स्योउबोउस्यो चुओउ बुन्स्यो *(नाखा दमकल विभाग केन्द्रीय शाखा कार्यालय)*, एयोन टाउन योक्काइची टोमारी, चुओउ दाइ नी ताइइकुखान *(केन्द्रीय नम्बर २ व्यायामशाला)* |
| अप्रिल पछि: | नाखा स्योउबोउस्यो चुओउ बुन्स्यो *(नाखा दमकल विभाग केन्द्रीय शाखा कार्यालय)*, एयोन टाउन योक्काइची टोमारी, चुओउ दाइ नी ताइइकुखान *(केन्द्रीय नम्बर २ व्यायामशाला)*, जिबासान मिए |

■**प्रयोग गरिएको खोप** ताकेदा / मोडर्ना (तत्कालको लागि)

■**बुकिङ्ग** २०२२ जनवरी १९ बाट सुरु हुनेछ ।

■**बुकिङ्ग गर्ने तरिका** बुकिङ्ग वेबसाइट र सुचना केन्द्रमा सम्पर्क गर्नुहोस ।

वेबसाइटबाट बुकिङ्ग गर्न दायाँ पट्टिको दुई-आयामी कोड प्रयोग गर्नुहोस ⇒

**तेस्रो खोप मुख्यतया वेबसाइटबाट बुकिङ्ग गरिन्छ, तर वेबसाइटसँग अपरिचित व्यक्तिहरूका लागि जनरल हलको पहिलो तल्लामा खोलिएको केन्द्रमा (सोमबार-शुक्रबार ८: ३० ~ १७: १५) हामी तपाईंहरुलाई वेबसाइटबाट बुकिङ्ग गर्न सहयोग गर्नेछौं ।**

## व्यक्तिगत खोप

व्यक्तिगत खोपहरू प्रदान गर्ने चिकित्सा संस्थाहरू सम्पर्क गर्न, दायाँ पट्टिको दुई-आयामी कोड प्रयोग गर्नुहोस्।

■**प्रयोग गरिने खोप** फाइजर द्वारा निर्मित

■**बुकिङ्ग** २०२२ जनवरी महिनाको अन्त्यबाट सुरु हुनेछ ।

■**खोप सुरु हुने मिति** फेब्रुअरी १ बाट

**सामूहिक वा व्यक्तिगत खोप दुइ पटक बुकिङ्ग नगर्नुहोस्, धेरै चिकित्सा संस्थाहरूमा पनि बुकिङ्ग नगर्नुहोस्। खोप लिन चाहने सबैलाई खोपको अवसर प्रदान गर्न हामी तपाईंको सहयोगको अपेक्षा गर्दछौं।**

## पहिलो र दोस्रो खोप लगाउन चाहनेहरूको लागि

●१२ वर्ष र माथि

मितकी सोउगोउ ब्योउइन्, यमानाखा इच्योउखा ब्योउइनमा खोप लगाउन पाइन्छ। बुकिङ्गको लागि चिकित्सा संस्थालाई सिधै सम्पर्क गर्नुहोस्।

●५-११ वर्ष

हाल, १२ वर्ष मुनिका बालबालिकाहरु खोपका लागि योग्य छैनन्। भविष्यमा सरकारले स्वीकृति दिएमा, हामी तपाईंलाई पछिको मितिमा विस्तृत रूपमा सूचित गर्नेछौं।

**[सम्पर्क] योक्काइची नगर कोबिड्-१९ खोप सुचना केन्द्र ☎०५९-३२७-५९९०**

यो जानकारी २०२१ डिसेम्बर २८ को सुचनामा आधारित छ।
भविष्यमा राष्ट्रिय नीतिहरू परिवर्तन हुनसक्नेछ । नवीनतम जानकारी नगरको वेबसाइट (HPID 1611134480393) मा प्रकासित गरिनेछ।